आज मिति २०८१।०५।०५ गते मंगलबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

विशिष्ट उपस्थितिः

१. बागमती प्रदेश वन तथा वातावरण मन्त्री माननीय श्री कृष्ण प्रसाद सिलवाल

अन्य उपस्थितिः

१. लेै.अ. श्री उद्गम तिमिल्सिना

२. प्र.अ. श्री बासु पण्डित

३. ई. श्री कमल राउत

४. सब-ईन्जि. श्री भरत गुरुङ

५. सब-ईन्जि. श्री राजेन्द्र महतो

६. अधिकृत हैटौं श्री तेज कुमार आमलाट

## कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

बैठक संख्या: ४४
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०८१।०५।०५
बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समय: विहान १०:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०५।०५ | १०:०० बजे | बागमती प्रदेशका वन तथा वातावरण मन्त्री माननीय श्री कृष्ण प्रसाद सिलवालज्यूलाई बधाई तथा शुभकामना व्यक्त गर्ने सम्बन्धमा। | प्रशासन शाखा | १ |
| २०८१।०५।०५ | १०:१५ बजे | उपर्दाङगढी कोत घर निर्माण योजनाको स्रोत सुनिश्चितता सम्वन्धमा। | आर्थिक प्रशासन शाखा | २ |
| २०८१।०५।०५ | १०:३० बजे | एक वडा एक कृषि उत्पादन सम्बन्धमा। | कृषि विकास शाखा | ३ |
| २०८१।०५।०५ | १०:४५ बजे | चेपाङ आवास कार्यक्रम सञ्चालन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ४ |
| २०८१।०५।०५ | ११:०० बजे | आ.व. २०८१।०८२ योजना सञ्चालन सम्बन्धमा। | योजना शाखा | ५ |
| २०८१।०५।०५ | ११:१५ बजे | तीज गीत प्रतियोगिता सञ्चालन सम्बन्धमा। | सामाजिक विकास शाखा | ६ |
| २०८१।०५।०५ | ११:३० बजे | इच्छाकामना गाउँपालिकाभित्र फेला परेका वेवारिसे व्यक्तिहरुको औषधि उपचार सम्वन्धमा। | स्वास्थ्य शाखा | ७ |
| २०८१।०५।०५ | ११:४५ बजे | इच्छाकामना गाउँपालिकाको सार्वजनिक खरिद नियमावली तर्जुमा सम्वन्धमा। | कानून शाखा | ८ |

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

पूर्व बैठकको समीक्षा

मिति २०८१।०४।११ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**४४ औं कार्यपालिका बैठकको निर्णयहरुः**

निर्णय नं.१: इच्छाकामना गाउँपालिका वडा नं. ५, मुग्लिङ्ग, चितवन स्थायी ठेगाना भई हालको बागमती प्रदेश सभामा चितवन क्षेत्र नं. २(क) बाट नेपाल कम्युनिष्ट पार्टी एमालेको तर्फबाट प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य माननीय श्री कृष्ण प्रसाद सिलवालज्यू वागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्री जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोले उहाँलाई हार्दिक सम्मान तथा बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्ने।

निर्णय नं.२: वडा नं. ७ मा रहेको प्राचिन, ऐतिहासिक एवं सामरिक महत्वको स्थल उपर्दाङगढीमा आ.व. २०८१।०८२ मा कोत घर निर्माणको लागि विनियोजित बजेटमा अपुग थप बजेट गाउँपालिकाको आगामी हिउँदे सभाबाट विनियोजन गर्ने।

निर्णय नं. ३: एक वडा एक कृषि उत्पादन कार्यक्रम गाउँपालिकाको वडा नं. २, हपनीमा तरकारी खेती सञ्चालन गर्ने गरी उक्त कार्यक्रमको लागि गाउँपालिकाको तर्फबाट वेहोर्नुपर्ने लागत साझेदारीको प्रतिवद्धता सहित सम्बन्धित निकायमा प्रस्ताव माग गरी पठाउने।

निर्णय नं.४: आ.व. २०८१।०८२ मा सञ्चालन हुने चेपाङ आवास कार्यक्रमको लागि प्रत्येक वडाबाट ५ घरपरिवारका दरले विपन्न चेपाङहरुको सिफारिस माग गर्ने।

निर्णय नं.५: आ.व. २०८१।०८२ मा उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको उपभोक्ता समिति गठनको कार्य तुरुन्त प्रारम्भ गरी २०८१ भाद्र मसान्त सम्म उपभोक्ता समिति गठनको कार्य सम्पन्न गरी सो को विवरण सहितको जानकारी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउन वडा कार्यालयहरुमा पत्राचार गर्ने।

निर्णय नं.६: महिलाहरुको महान पर्व हरितालिका तीजको अवसरमा मिति २०८१ भदौ १९ गते "इच्छाकामना गाउँपालिकास्तरीय तीज गीत प्रतियोगिता- २०८१" सञ्चालन गर्ने ।

निर्णय नं.७: इच्छाकामना गाउँपालिका भित्र फेला परेका वेवारिसे व्यक्तिहरुलाई इच्छाकामना आधारभूत अस्पतालबाट उपलब्ध हुने सेवा निःशुल्क उपलब्ध गराउने।

निर्णय नं.८: इच्छाकामना गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को मस्यौदा दफावार छलफलका लागि विधायन समितिमा पठाउने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner